नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय, फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर (कार्यालय प्रमुख)

# सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र फाराम

आ.ब.: २०८१/८२

सूचना नं. :- MOPHIDIM/AUCTION/01/2081-82

बोलपत्र सूचना प्रकाशित मिति : २०८१।११।११

बोलपत्र खरिद मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १५ औ दिनसम्म (२०८१।११।२५)

बोलपत्र दर्ता मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १६ औ दिनको १२:०० बजेसम्म (२०८१।११।२६)

बोलपत्र खोल्ने मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १६औ दिनको २:०० बजे(२०८१।११।२६)

बोलपत्रदाताको नाम :

ठेगाना :

सम्पर्क टेलिफोन/मोबाइल नं. :

फर्म/कम्पनीको छाप :

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

# यान्त्रिक कार्यालय, फिदिम, पाँचथर

## सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्रको आव्हानको सूचना

सूचना नं.: MOPHIDIM/AUTION/01/2081-82

प्रथम पटक प्रकाशित मिति: २०८१।११।११

यस कार्यालयको मौज्दातमा रहेका लिलाम बिक्री गर्नु पर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना सडक विभागको वेबसाईट www.dor.gov.np मा समेत हेर्न सकिनेछ ।

लिलाम बिक्री गर्नुपर्ने सम्पत्तिको विवरण

| सि.नं. | सामानको विवरण | परिमाण | जम्मा न्यूनतम मूल्य(VAT बाहेक) |
|---|---|---|---|
| १ | वाटर टेङकर, को. १ ग ६८ | १ थान | सि.नं. १ देखि ३ सम्मका जम्मा न्यूनतम मूल्य रु.७२०,०००।- (सात लाख बीस हजार रूपैयाँ मात्र) । |
| २ | न्युमेटिक रोलर, आर.डि. ०९६-०११ | १ थान | |
| ३ | स्टील रोलर, आर.डि. ०९४-०५४ | १ थान | |

१. इच्छुक बोलपत्रदाताहरूले यान्त्रिक कार्यालय फिदिम, पाँचथरको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्ने तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताहरूले मिति २०८१।११।२५ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू.१०००।-(एक हजार रूपैयाँ मात्र) बोलपत्र फाराम खरिद गर्न लाग्ने दस्तुर नेपाल बैंक लिमिटेड, फिदिम, पाँचथर, राजश्व खाता नं. ००१०१०००००००००१००१००१, राजश्व शिर्षक नं. १४२२९, यान्त्रिक कार्यालय, फिदिम कार्यालय कोड नं. ३३७०१०२०२ मा बुझाई सक्कलै राजस्व दाखिला बैङ भौचर निवेदनसाथ बुदा नं. ८ मा उल्लेख गरे अनुरसारको कागजात पेश गरी वा यान्त्रिक कार्यालय, फिदिमको लेखा शाखाबाट नगद जम्मा गरी उल्लेखित कागजातका साथ निवेदन दिई बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

३. बोलपत्र खरिद अन्तिम मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १५औं दिनसम्म(कार्यालय समयसम्म) ।

४. बोलपत्र दर्ता अन्तिम मिति र स्थान : प्रथम पटक सूचना प्रकाशित मितिले १६औं दिन दिनको १२:०० बजेसम्म यान्त्रिक कार्यालय, फिदिम, पाँचथरमा दर्ता गरी सक्नुपर्नेछ ।

५. बोलपत्र खोलिने समय, मिति र स्थान : प्रथम पटक सूचना प्रकाशित मितिले १६औं दिन दिनको २:०० बजे कार्यालयमा दर्ता भएका बोलपत्रहरूलाई उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यान्त्रिक कार्यालय, फिदिम, पाँचथरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएका कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन । सो दिन सार्वजनिक बिदा परेमा सोही समयमा सोको लगतै अर्को दिन ।

६. धरौटी रकम : कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकम (भ्याट सहित) को दश प्रतिशत ।

७. धरौटी जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोड नं. : बोलपत्र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथरको नाममा नेपाल बैंक लिमिटेड, फिदिममा रहेको धरौटी खाता नं. ०६७०१००००२००३००००००१, यान्त्रिक कार्यालय, फिदिमको कार्यालय कोड नं. ३३७०१०२०२ मा दाखिला गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरूबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९०(नब्बे) दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैङ्क जमानत(बिड बण्ड) बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।

८. बोलपत्र फाराम खरिदको लागि इच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीले निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू:-

(क) फर्म भए नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि

(ख) आ.ब. ०८०।८१ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि

(ग) ब्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. लिलाम बिक्री हुने यान्त्रिक उपकरणको ब्लु बुक नदिने र पुन: दर्ताको लागि सिफारिस समेत गरिने छैन।

१२. बोलपत्र फाराम सिलबन्दी नभएको, बोलपत्र दाताको सही छाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको धरौटी रकम जम्मा नभएको इत्यादि कुनै कारणबाट रित नपुगेको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१३. बोल कबोल गरेको कुल जम्मा रकममा मु.अ.कर १३ प्रतिशत अतिरिक्त लाग्नेछ ।

१४. अन्य बिस्तृत विवरण तथा लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहाने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

श्रीमान् कार्यालय प्रमुख ज्यू,
यान्त्रिक कार्यालय,
फिदिम, पाँचथर ।

विषय: बोलपत्र पेश गरेको सम्बन्धमा ।

त्यस कार्यालयको सूचना नं.: MOPHIDIM/AUCTION/01/2081-82, मिति २०८१।११।११ मा प्रकाशित सूचना अनुसार लिलाम बिक्रीको लागि राखिएको सम्पत्ति तथा जिन्सी मालसामान तपसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरी पेश गरेको छु ।

<u>तपसिल:-</u>
<u>कबोल अङ्क</u>
एकमुष्ट कबोल रकम रू...............................

(अक्षेरुपी ..................................................................................................)

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको नाम:
ठेगाना:
मिति:
हस्ताक्षर:

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

<u>बोलपत्रदाता फर्म/व्यक्तिले भर्नु पर्ने विवरणहरू</u>

१. बोलपत्रदाता फर्म वा व्यक्तिको नाम :

२. प्रोपाइटर वा मुख्य कारोबार गर्ने व्यक्ति :

३. बोलपत्र साथ संलग्न कागजात :

क) .................................................................फर्म नवीकरण भएको इजाजत
ख) नागरिकता ..........................................

४. जमानत बापतको ......................................................................बैङ्कमा जम्मा गरेको रकम रू.....................................(अक्षरुपी......................................................................................)

५. बोलपत्र पेश गरेको मिति :

६. फर्म र व्यक्तिको तर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै प्रतिनिधि नियुक्ति गरेको भए त्यसको विवरण र संलग्न कागजात ..................................

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

# बोलपत्र सम्बन्धी शर्तहरू

१. बोलपत्र सम्बन्धी कागजात: लिलाम बिक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएको समपूर्ण विषय लागू हुनेछ । बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ ।

२. बोलपत्रको भाषा: लिलाम बिक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।

३. कुनै बोलपत्रदाता फर्म वा संस्थाले सयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ । यसरी सम्झौता गरेपश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि आधिकारिक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमूना बोलपत्र फाराममा समावेश गर्नुपर्नेछ ।

४. लिलाम बिक्री सम्बन्धी कारवाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

५. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको(भ्याट सहित) १०%(दश प्रतिशत) ले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथरको नेपाल बैंक लिमिटेड, फिदिममा रहेको धरौटी खाता नं. ०६७०१०००००२००३००००००१, यान्त्रिक कार्यालय, फिदिमको कार्यालय कोड नं. ३३७०१०२०२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैकहरूबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैङ्क जमानत (बिड बण्ड) पत्र पेश गनुपर्नेछ ।
(धरौटी बापत नगद रकम राख्न पाईने छैन, माथि उल्लेख भए अनुसारको बैंक जम्मा भौचर वा बैंक ग्यारेन्टी सिलबन्दी भित्रै पेश गर्नुपर्ने छ । पूर्ण वा आंशिक नगद रकम सिलबन्दी भित्र राखिएको अवस्थामा निजको बोलपत्र सारभुतरूपमा अप्रभावग्राही मानिनेछ र सो बोलपत्र मूल्यांकन प्रकृयामा समावेश गरिने छैन ।)

६. बोलपत्रदाताले स्पष्टरूपमा प्रोपाइटर, कारोबार गर्ने मुख्य व्यक्ति, कारोबार गर्ने मुख्य स्थल वा पसल फोन नम्बर आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।

८. कार्यालयले लिलाम बिक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेका बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।

९. लिलाम बिक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ।

१०. लिलाम बिक्री सम्झौता सम्बन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदाताबीच वार्ताद्वारा समाधान गरिनेछ।

११. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रू ७२०,०००।-(अक्षरुपी सात लाख बीस हजार रूपैयाँ मात्र) कायम गरिएकोछ । बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ ।

१२. बोलपत्र फाराममा उल्लेख भए अनुरूपका लिलाम बिक्री गरीने सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नुपर्नेछ ।

१३. पेश भएको बोलपत्रको मान्य अवधि साठी दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मूल्यांकन उक्त अवधिभित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

१४. लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

१५. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधिभित्र सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ।

१६. लिलाम बिक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ ।

१७. बोलपत्र फाराममा उल्लेख सम्पत्तिको बोल कबोल तालिकाको सि.नं. १ देखि ३ सम्मको कबोल गर्नु पर्नेछ (लिलामी सामानहरू आंशिक रूपमा बोल कबोल गर्न पाईने छैन) ।

१८. लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाँउबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पूर्ण खर्च(कर समेत) बोलपत्रदाता आफैंले ब्यहोर्नु पर्नेछ ।

१९. सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान बोलपत्रदाताले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

२०. सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

२१. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।

२२. बोलपत्र फाराममा सम्पत्ति तथा जिन्सी मालसामानको कबोल रकम स्पष्ट अंक र अक्षरमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा मान्यता दिइनेछ ।

२३. लिलाम प्रकृयामा कुनै द्विविधा भएमा यस कार्यालयको निर्णयलाई अन्तिम मानिनेछ ।

२४. दर्ता भई सकेको बोलपत्र फिर्ता लिन वा संसोधन गर्न पाइने छैन ।

२५. बोलपत्र सम्बन्धी शर्तहरू सम्झौताको अङ्ग हुनेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

# लिलाम बिक्री शर्तनामा

श्री सडक विभाग,
यान्त्रिक कार्यालय, फिदिम, पाँचथर ।

१. मैले/हामीले त्यस कार्यालयबाट मिति २०८१।११।११ गते फिदिम टुडे दैनिक पत्रिका र www.dor.gov.npमा प्रकाशित लिलाम बिक्री सूचना नं. MOPHIDIM/AUCTION/01/2081-82 राम्ररी पढी सो सूचनामा उल्लेखित निर्देशन तथा तपसिलका सम्पूर्ण शर्तहरूमा मेरो/हाम्रो पूर्ण मंजुरी जनाई यान्त्रिक उपकरणहरू ३ थान, जाँची हेरी संलग्न बोलपत्रमा उल्लेखित कुल जम्मा रू............................................................................................................... मा लैजान मंजुर गर्दछु/गर्दछौं ।

२. मैले/हामीले बोलपत्रमा कबोल गरेको अंकमा मु.अ.कर(भ्याट) १३% समेत थप गरी हुन आउने रकमको १०% (दश प्रतिशत) बराबर रकम रू....................................... खातावलाको नाम : को.ले.नि.का., पाँचथर, बैंक : नेपाल बैंक लिमिटेड, फिदिम, पाँचथर मा रहेको धरौटी खाता नं. ०६७०१०००००२००३००००१, यान्त्रिक कार्यालय, फिदिमको कार्यालय कोड नं. ३३७०१०२०२, धरौटी खातामा मिति ............................. जम्मा गरी सो को सक्कलै बैंक भौचर वा त्यस कार्यालयको नाममा जारी गरेको ..................अवधिको ......................................... बैंक .................. को बैंक जमानी पत्र ( बैंक ग्यारेन्टी) यसै बोलपत्र साथ संलग्न गरी पेश गरेको छु/छौं । धरौटी वापत जम्मा गरेको रकम बैंक ग्यारेन्टी बोलपत्रमा मैले/हामीले कबोल गरेको (भ्याट सहित) कुल रकमको १०% भन्दा घटी भएमा सो कारणबाट मेरो/हाम्रो बोलपत्र अयोग्य भएमा मेरो/हाम्रो मंजुरी छ ।

३. उल्लेखित लिलाम योग्य यान्त्रिक उपकरणहरू आंशिक रूपमा केही सामानको मात्र बोलपत्र दिन नपाउने र त्यसो गरेमा मेरो/हाम्रो बोलपत्र स्वत: रद्द हुने कुरा मैले/हामीले बुझेको छु/छौं ।

४. मेरो/हाम्रो बोलपत्र खुलेको मितिदेखि बोलपत्र स्वीकृत भए पछि आफुले कबोल गरेको कुल रकम (भ्याट सहित) एकमष्ठ बुझाई सामान उठाई लैजान मेरो/हाम्रो मंजुरी छ । सो भ्याद भित्र आफुले बोलपत्रमा कबोल गरेको रकम थप घट गर्ने छैन र सो गरेमा १०% बराबरको मेरो/हाम्रो धरौटी रकम जफत गरेमा मेरो/हाम्रो मंजुरी छ ।

५. मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा सोको लिखित जानकरी पाएको मितिले ७(सात) दिनभित्र मैले/हामीले बोलपत्रमा कबोल गरेको एकमुष्ठ रकम(भ्याट सहित) राजश्व खातामा जम्मा गरी सो को सक्कलै बैंक भौचर त्यस कार्यालयमा पेश गर्नेछु/गर्नेछौं । तत्पश्चात सामान उठाई लैजाने आदेश भएपछि अर्को १५(पन्द्र) दिन भित्रमा उपरोक्त सामानहरू उठाई लैजाने छु/छौं ।

६. बुदा ५ मा उल्लेख भए बमोजिम बोलपत्र स्वीकृत भएको लिखित जानकारी पाएको ७(सात) दिनभित्र मैले/हामीले आफ्नो बोलपत्र कबोल गरेको (भ्याट सहित) जम्मा एकमुष्ठ रकम राजश्व खातामा जम्मा गरी भौचर पेश गर्न नसकेमा सो कारणबाट मेरो/हाम्रो १०% (दश प्रतिशत) बराबरको धरौटी रकम जफत भएमा मेरो/हाम्रो मंजुरी छ ।

७. बुदा ६ मा उल्लेखित काम समाप्त भए पछि मेरो/हाम्रो तर्फबाट यस शर्तनामा बिपरीत काम कारवाही भए गरेको ठहरेमा मेरो/हाम्रो धरौटी फिर्ता हुने छैन भन्ने कुरा मैले/हामीले बुझेको छु/छौं ।

८. मैले/हामीले त्यस कार्यालयबाट खरिद गरेको एउटा मात्र बोलपत्र पेश गरेको छु/छौं र (भ्याट सहित) कबोल गरेको रकम फरक परी कुनै पनि तरिकाले एक भन्दा बढी बोलपत्र पेश गरेको प्रमाणित भएमा सो कारणबाट मेरो/हाम्रो बोलपत्र रद्द गरेमा मेरो/हाम्रो मंजुरी छ ।

९. मैले/हामीले आफैले दर्ता नगराई अन्य साधनद्वारा बोलपत्र पठाएमा सो बुझी ल्याउने र दर्ता गर्ने जिम्मेवारी त्यस कार्यालयको नरहेको व्यहोरा मैले/हामीले बुझेका छौं ।

१०. मेरो/हाम्रो बोलपत्र बिना कारण जनाई पुर्णरूपले वा आंशिकरूपले स्वीकृत गर्ने वा नगर्ने जिम्मेवारी त्यस कार्यालयमा सुरक्षित रहनेछ भन्ने कुरा मैले/हामीले बुझेका छौं ।

११. मेरो/हाम्रो बोलपत्रमा कबोल गरेको (भ्याट सहित) रकम नेपाली मुद्रामा उल्लेख गरेको छु/छौं । सामान्य गणितको भुलबाट वा अन्य कारणबाट रकम फरक पर्न गएमा त्यस कार्यालयले ठहर्‍याएको सही अंकलाई मान्यता दिन मेरो/हाम्रो मंजुरी छ ।

१२. मैले/हामीले निम्न ठेगानामा बुझाईएको वा रजिष्ट्री डाकद्वारा पठाईएको पत्र म/हामी कहाँ समयमा नै पुगेको मानिने व्यहोरा मैले/हामीले बुझेका छु/छौं ।

१३. उपरोक्त शर्तहरू मलाई/हामीलाई पुर्णरूपमा मान्य छन् र मैले/हामीले आफ्नो तर्फबाट कुनै थप वा विपरित शर्तहरू उल्लेख गरेको छैन ।

१४. त्यस कार्यालयबाट मूल्यांकन भएको न्युनतम मूल्य भन्दा घटी मूल्य राखी पेश भएको बोलपत्र स्वीकृत हुने छैन भन्ने कुरा मैले/हामीले बुझेका छौं ।

१५. उल्लेखित लिलाम योग्य यान्त्रिक उपकरण तथा सवारी साधनहरूको ब्लु बुक र नम्बर नदिने तथा नामसारीको लागि सिफारिस समेत नगर्ने मैले/हामीले बुझेका छु/छौं ।

<u>बोलपत्रदाताको साक्षीको</u>

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं. :

मिति :

<u>बोलपत्रदाताको</u>

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं. :

मिति :

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

# लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण

| सि.नं. | विवरण | मेक/मोडेल | विभागीय नं./दर्ता नं. | परिमाण | ईकाइ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वाटर टेङकर | Tata/1210 | को. १ ग ६८ | १ | थान | पुराना, मोडल आउट भएका, बर्षौंदेखि बिग्रेर प्रयोग विहिन अवस्थामा रहेका लिलाम योग्य यान्त्रिक उपकरणहरू । |
| २ | न्युमेटिक रोलर, | Sakai/TS7409 | आर.डि. ०९६-०११ | १ | थान | |
| ३ | स्टील रोलर | Kawasaki/KMRH12 | आर.डि. ०९४-०५४ | १ | थान | |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय, फिदिम, पाँचथर

## लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको कबोल अङ्क

| सि.नं. | सम्पत्तिको विवरण | परिमाण | कार्यालयको स्वीकृत न्यूनतम मूल्य | बोलपत्रदाताले कबोल गरेको अङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | |
| १ | वाटर टेङकर, को.१ग ६८ | १ थान | २२०,०००।०० | | | |
| २ | न्युमेटिक रोलर, आर.डि.०९६-०११ | १ थान | २८०,०००।०० | | | |
| ३ | स्टील रोलर, आर.डि.०९४-०५४ | १ थान | २२०,०००।०० | | | |
| कुल जम्मा न्यूनतम मूल्य रू ७२०,०००।०० (भ्याट बाहेक अक्षेरूपी सात लाख बीस हजार रूपैयाँ मात्र) | | | | | | |

बोलपत्रदाताले कबोल गरेको जम्मा मूल्य अङ्कमा :
(अक्षरमा :.......................................................................................................)

<u>बोलपत्रदाता</u>
बोलपत्र पेश गर्ने ब्यक्ति वा फर्मको नाम :
ठेगाना:
फर्मको छाप :
सही :
मिति :